# "कृषि विकासको लागि राज्यले अंगीकार गरेका नीतिहरुमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा भएको अध्ययन समिक्षा" अध्ययनको लागि परामर्श सेवा खरीद गरी काम गर्नको लागि कार्यविवरण (Terms of Reference)

## १. कार्यक्रमको पृष्ठभूमि

मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानून, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरुको हकहित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन तथा नेपाल सरकारबाट स्वीकृत कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले परिलक्षित गरे बमोजिम नेपाल सरकारले एक राष्ट्रिय किसान आयोग गठन गर्नका लागि राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ जारी गरी राष्ट्रिय किसान आयोग गठन गरेको हो ।राष्ट्रिय किसान आयोगको गठन पश्चात नेपाल सरकारले जारी गरेका विद्यमान ऐन नीति नियम निर्माणमा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (**Policy Gap**) को सम्वन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने कार्य गरिरहेको छ । सोही अनुरूप आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "कृषि विकासको लागि राज्यले अंगीकार गरेका नीतिहरुमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा भएको अध्ययन समिक्षा " शीर्षकमा अध्ययन गर्नको लागी यो कार्यविवरण (Terms of Reference) तयार गरिएको छ

देश संघीयतामा प्रवेश गरेसँगै तिनै तहका सरकारका कार्यविभाजनअनुसार कृषि क्षेत्रका विकासमा सरकारका साझा र एकल अधिकार अन्तर्गत रहेका कार्य विभाजन अनुसार कार्य भइरहेका छ।कृषि क्षेत्रका विकासका लागि संस्थागत संरचना तयार भई तिनै तहका सरकारबाट कृषि विकासका कार्यहरू संचालन भईरहेका छन्। कृषि क्षेत्रको नयाँ संस्थागत संरचना अनुसार ३ तहका सरकार संघ, प्रदेश र स्थानीय तहले कृषि क्षेत्रको विकास गर्नका लागि साझा र एकल अधिकारकाका परिधि भित्र रही कृषि विकास सम्वन्धि ऐन,नीति नियम निर्देशिका, कार्यविधि बनाई सो अनुसार कार्यक्रम तर्जुमा देखि कार्यान्वयन गर्ने गरेका छन् । नीतिहरु तय भई कार्यान्वयनमा ल्याईएता पनि समय समयमा त्यसको कार्यान्वयनको अवस्था तथा प्रभावकारीतालाई एकिन गर्ने दस्तावेज वा आवश्यक अध्ययन भएको कमै पाईन्छ भने अर्कातर्फ तिनै तहका सरकारका निकायहरूबीच नीतिगत सामिप्यता वा तालमेल हुनु जरूरी भएका र यसका यथार्थ स्थितिका बारेमा पनि जानकारी हुनु आवश्यक छ। तसर्थ कृषि विकासको लागि राज्यले अंगीकार गरेका नीतिहरुमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनको अवस्था तथा प्रभावकारीता बारे छुट्टै अध्ययन गर्न आवश्यक देखिएकोले यस अध्ययन कार्यक्रम राखिएको छ ।

## २. अध्ययनका लक्ष्य तथा उद्धेश्य

हालै मात्र लागु भएको कृषि क्षेत्रको नयाँ संस्थागत संरचना अनुसार विभिन्न ३ तहका संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो कार्यक्षेत्र भित्र रही नेपाल सरकारले अंगीकार गरेको कृषि नीतिको कार्यान्वयनका लागि

आवश्यक कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयनमा ल्याई कृषि विकासमा टेवा पुर्याउने उद्धेश्य रहेको छ ।साही अनुरूप नेपालको संबिधानमा उल्लेख भएअनुसारकृषि नीतिहरुको संघ, प्रदेश र स्थानिय सरकारद्धारा तर्जुमा साथै कार्यन्वयनको अबस्था पत्ता लगाउने र उक्त नीतिहरुको प्रभावकारी कार्यान्वयनमा तिनै तहका सरकारका समन्वय र साझेदारी हुनु पर्ने विषयमा आबश्यक सुझाव र सल्लाहहरु दिने रहेको छ । यसका लागि तलका विषयमा समेत केन्द्रित रही अध्ययन गर्नुपर्ने छ ।

क) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्नाका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था,

ख) अनुपस्थित भू– स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था,

ग) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था,

घ) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था,

ङ) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था,

## ३. अध्ययनका विधि

- संघ प्रदेश तथा स्थानीय सरकारमा रहेका सरकारी कृषि निकाय लगायत अन्य विषयगत मन्त्रालयबाट प्रकाशित विभिन्न सामग्रीहरु ऐन, नियम कार्यविधि तथा अन्य कानुनी दस्तावेज सन्दर्भ मानी ती सन्दर्भ सामग्रीहरुको अध्ययन गर्ने
- नीतिहरूका तर्जुमा तथा कार्यान्वयनका अवस्थाका जानकारीका लागि तीनै तहका सरोकारबाला निकायहरु साथै किसान समक्ष गई छलफल तथा अन्तरक्रिया गर्ने जसका लागि वैज्ञानिक तरिकाले नमूना संकलन गर्नुपर्ने
- सन्दर्भ सामाग्रीहरूका अध्ययन साथै स्थलगत अध्ययनबाट आएका विषयहरूलाई विश्लेषण गरी मस्यौदा तयार गर्ने
- तयारी मस्यौदा उपर विस्तृत रूपमा राष्ट्रिय किसान आयोग सहित केन्द्रियस्तरका सरोकारवालाहरुसँग छलफल तथा अन्तरकृया गर्ने र प्राप्त सुझावहरुलाई समावेश गरी यस अध्ययनको मस्यौदालाई अन्तिम रुप दिने ।
- प्रतिवेदन लेखन नेपालीमै गर्नु पर्ने ।

## ४. अध्ययन कार्यको लागि विस्तृत प्रस्ताव तयार

**सुचिकरण भएका विज्ञहरूले ToR का आधारमा प्रारम्भिक प्रस्ताव तयार गर्नुपर्नेछ।छनौट भएका विज्ञले अध्ययन पूर्व विस्तृत प्रस्ताव तयार गरी अध्ययन कार्य शुरु गर्नुपर्नेछ।अध्ययन कार्य शुरु हुनु अगाडि**

विस्तृत प्रस्ताव तयार गरी राष्ट्रिय किसान आयोग र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पदाधिकारीहरुसँग प्रारम्भिक कार्यशालामा प्रस्तुती गर्नुपर्ने छ। कार्यशालामा प्रस्तुतिका क्रममा विभिन्न पदाधिकारीहरुबाट पृष्ठपोषण प्राप्तहुनेछ र प्राप्त पृष्ठपोषणलाई समावेश गरी सोही प्रस्तावका आधारमा अध्ययन कार्यलाई अगाडि बढाउनु पर्नेछ।

## ५. कार्यक्रमको अपेक्षित उपलब्धी

यस अध्ययनबाट नेपालको संबिधानमा ब्यबस्था भए अनुरुपका कृषि नीतिहरुको संघ, प्रदेश र स्थानिय सरकारद्धारा गरिएका कार्यन्वयनको अबस्था पत्ता लगाउने र उक्त नीतिहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझाव र सल्लाहहरु प्राप्त हुनेछन् । जुन यस प्रकारका छनः

क) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्नाका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था जानकारी हुनेछ ।

ख) अनुपस्थित भू– स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था जानकारी हुनेछ ।

ग) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण पत्ता लाग्नेछ, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था जानकारी हुनेछ ।

घ) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था जानकारी हुनेछ

ङ) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्नका लागि आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था बारेमा जानकारी हुनेछ ।,

## ६. कार्यक्रम प्रस्ताव छनोटको आधार

- निर्धारित समयभित्र प्राप्त भएका प्रस्तावहरु छनौटका लागि बिज्ञ वा बिज्ञसमूह वा फर्मको बिषयगत दक्षतालाई मध्यनजर गरी मूल्याङ्कन गरिनेछ ।
- प्रस्तावको छनौट गर्न गुणस्तर र लागत विधि अपनाईनेछ ।सो अनुसार प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गरी सफल प्रस्तावदाताको छनौट गरिनेछ ।कूल एक सय अङ्कभारमा प्राविधिक प्रस्तावको कूल अङ्कभार सत्तरी देखि नब्बे र आर्थिक प्रस्तावको अङ्कभार तीस देखि दशसम्म निर्धारण गरिने छ ।
- प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा पेश गर्नु पर्नेछ ।
- प्राविधिक मूल्याङ्कनमा उत्तिर्ण भएका प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।आर्थिक प्रस्तावमा सवै भन्दा घटी रकम कबोल गर्ने प्रस्तावदाताले उच्चतम अङ्क प्राप्त गर्ने छ ।
- प्राविधिक मूल्याङ्कनको लागि सय पूर्णाङक राखी मूल्याङकन गरिने छ र मूल्याङकनको आधार यस प्रकार रहेको छ ।
    - प्रतिस्पर्धी व्यक्ति वा फार्मको कार्य अनुभव -२५ अंक
    - कार्यक्रम सम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता - ३५ अंक

- कार्य सम्पन्न गर्न प्रस्तावित भएका विशेषज्ञको फार्म/कम्पनीको कार्य अनुभव र दक्षता एवं योग्यता - ४० अंक

माथी उल्लेखित मूल्याङकनका आधारहरुलाई आवश्यकता अनुसार अंक विभाजन गर्न सकिने छ ।

❖ प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्याङ्कन गर्दा सवै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाता सफल हुने हुँदा निजलाई छनौट गरिने छ ।

### ७. कार्यक्रमको लागत तथा जनशक्ति तथा समय सीमा

यस अध्ययनको मस्यौदा तयार गर्नको लागि विशेषज्ञले सम्बन्धित विषयमा विज्ञता हासिल गरी कम्तिमा स्नातकत्तोर गरेको हुनुपर्ने छ । बजेटको परिधिमा रही परामर्शदाताले विस्तृत वजेट र कार्यक्रम प्रस्तावमा उल्लेख गर्नु पर्नेछ । सम्झौता भएको ३ महिना भित्र कार्यक्रम सम्पन्न गरी अन्तिम मस्यौदा आयोग समक्ष पेश गर्नु पर्नेछ ।विशेषज्ञको कार्य अनुभव कम्तीमा ५ वर्षको हुनुपर्ने छ र सम्बन्धित विषयमा विज्ञता हासिल गरेको तथा ऐन कानुन निर्माणमा सहभागी भएको हुनुपर्छ ।टोली प्रमुख विशेषज्ञले अध्ययनको मस्यौदा तयार गर्दा सरकारले गरेको निर्णय तथा नीति संग नबाझिने गरी तयार गर्नु पर्ने छ।

### ८. पेश गर्नुपर्ने कागजातहरु

क.विशेषज्ञको कम्तिमा स्नातकोत्तर पास गरेको प्रमाणपत्र ।

ख.अध्ययन गर्ने विज्ञ/ फार्म/ कम्पनी भ्याटमा दर्ता भएको, नविकरण र कर चुक्ता प्रमाणपत्र ।

ग.विशेषज्ञको स्वयं प्रमाणीत CV तथा यस अध्ययनमा सहभागीताको प्रतिवद्धता पत्र एवं आवश्यक अन्य प्रमाणहरु।

### ९. उपलब्ध गराउनुपर्ने विवरण तथा भुक्तानी प्रकृया

अध्ययनको लागी छनौट भएको व्यक्ति वा फार्मले सम्झौताको दिनबाट कार्य प्रारम्भ गर्न सक्ने छ।संस्थाले कार्य प्रारम्भ गर्दा कार्य संचालन विधि, विभिन्न सन्दर्भ सामाग्री तथा अन्य विषयमा बैठक संचालन गर्दा आयोगलाई जानकारी गराउनु पर्ने छ ।अध्ययनको क्रममा सम्बन्धित निकाय तथा सरोकारवाला निकायका बिच छलफल गरि राय सल्लाह सुझावहरु लिनुपर्नेछ ।तत्पश्चात तयार गरिएको अध्ययनको पहिलो मस्यौदा ५प्रति आयोग समक्ष पेश गर्नु पर्नेछ र आयोगमा Validationबैठक संचालन गरी मूर्त रुप दिनुपर्ने छ। Validation बैठकमा उठेका सवाल तथा सुझावहरुलाई समेटी अन्तिम मस्यौदा तयार गर्नुपर्ने छ र तयार गरिएको अन्तिम मस्यौदाको प्रति ५ (Digital and Hard copy) यस आयोगमा पेश गर्नु पर्ने छ ।

यस कार्यक्रमका लागी भुक्तानी प्रकृया निम्नानुसार हुने छ ।

पहिलो किस्ता - ३० प्रतिशत (सम्झौता पश्चात )

दोस्रो किस्ता– ७० प्रतिशत (अध्ययनको अन्तिम मस्यौदापेश भए पश्चात् )

कार्यक्रमको भुक्तानी प्रकृया नेपाल सरकारको प्रचलित आर्थिक ऐन/नियम अनुसार हुनेछ ।

## १०. विविध

अध्ययन गर्न आवश्यक पर्ने कुनै पनि प्रकारका सामग्रीहरु आयोगबाट छुट्टै उपलब्ध हुने छैन ।यस आयोगलाई तहा संस्थाबाट पेश गरिएको अन्तिम मस्यौदाको सर्वाधिकार रहने छ र संस्थाले कुनै दावी गर्न पाउने छैन। अन्य विषयको हकमा नेपाल सरकारको प्रचलित ऐन/नियम अनुसार हुने छ ।